नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd.

पत्र संख्या : २०७३/७४ –९१
चलानी नं. : ६५८

CDS and Clearing Ltd.

मिति : २०७४/०२/३१

**विषय : विवरण तथा शुल्क पेश गर्ने सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:१६/आ.व.२०७३/७४)

प्राथमिक सार्वजनिक निष्काशन गर्ने कम्पनीले सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) मा धितोपत्र दर्ता गर्दा तथा सिडिएससिमा दर्ता भएका कम्पनीहरुले जारी गरिने हकप्रद शेयर, बोनस शेयर, शेयर संरचना परिर्वतन जस्ता कुनैपनि संस्थागत गतिविधि सिडिएससिमा दर्ता तथा अभिलेखका लागि निवेदन पेश गर्दा देहायका प्रकृया अविलम्वन गर्नु पर्नेछ :

१) प्राथमिक सार्वजनिक निष्काशन एवं विभिन्न संस्थागत गतिविधि बमोजिम निष्काशनकर्ता कम्पनीले सिडिएससिले तोकिएको निवेदनको ढाँचामा निवेदन तथा कागजातहरु पेश गर्नु पर्ने,

२) बुँदा नं. (१) बमोजिम निवेदन तथा कागजातहरु पेश गर्दा सार्वजनिक प्राथमिक निष्काशनको हकमा शेयरधनीहरुलाई बाँडफाँड गरिएको हिसाब गणना गरी तथा विभिन्न संस्थागत गतिविधिको हकमा शेयरधनीहरुले प्राप्त गर्ने लाभको गणना गरी Central Depository Accounting System (CDAS) मा upload गरी system बाट प्राप्त भएको CA Sequence No. सहित उक्त शेयरधनीहरुको शेयर वा लाभको विवरण CD मा record गरी पेश गर्नु पर्ने,

३) धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा उल्लेख भएको दर्ता शुल्कका साथ प्रमाणित शुल्क, प्रशोधन शुल्क, संस्थागत लाभ शुल्क, आस्बा शुल्क वा अन्य शुल्क कूल शेयरधनी संख्या बराबरको नै एकमुष्ट रकम भुक्तानी गर्नु पर्ने,

४) बिक्री प्रबन्धकले BOID Confirmation Software प्रयोग गरेको खण्डमा सम्झौतापत्रमा उल्लेख भएको प्रमाणीकरण शुल्क तथा बाँडफाँड प्रतिवेदन तयार शुल्क समेत पेश गर्नु पर्ने ।

..............................
देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com